# मंगला गाउँपालिकाको शिक्षा ऐन, २०७५

(स्वीकृत मितिः २०७५/०१/२३)

मंगला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी

# मंगला गाउँपालिकाको शिक्षा ऐन, २०७५

<u>प्रस्तावनाः</u>

राष्ट्रिय विकासका आवश्यक दक्ष, योग्य, सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकुल जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ (२) (ज) बमोजिमका, शिक्षा सम्बन्धी अधिकारहरु कार्यान्वयन गर्न मंगला गाउँपालिका क्षेत्र भित्र स्थापना भई सञ्चालनमा रहेका र स्थापना हुने, विद्यालयहरुको व्यस्थापनमा सुधार गर्दै गुणस्तरीय शिक्षाको विकास गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ ले दिएको अधिकार बमोजिम मंगला गाउँपालिकाको गाउँ सभाले यो शिक्षा ऐन बनाएको छ ।

## परिच्छेद - १
## संक्षिप्त नाम र प्रारम्भ

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "मंगला गाउँपालिको शिक्षा ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन मंगला गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो ऐन गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशित गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) "ऐन" भन्नाले मंगला गाउँपालिकाको शिक्षा ऐनलाई सम्झनुपर्छ ।

(ख) "संघीय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनुपर्छ ।

(ग) "प्रदेश शिक्षा ऐन" भन्नाले प्रदेश संसदले बनाएको शिक्षा ऐनलाई सम्झनुपर्छ ।

(घ) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको मंगला गाउँपालिका बाबियाचौर, म्याग्दीलाई सम्झनुपर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले मंगला गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(च) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनुपर्छ ।

(छ) "प्रारम्भिक वाल शिक्षा" भन्नाले चारवर्ष उमेर पूरा भई पाँचबर्ष उमेर पूरा नगरेका

बालबालिकाको लागि दिईने प्रारम्भिक शिक्षालाई सम्झनुपर्छ र सो शब्दले नर्सरी, के.जी. र मन्टेस्वरी शिक्षालाई समेत सम्झनुपर्छ ।

(ज) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक वालशिक्षा देखि कक्षा आठसम्म दिईने शिक्षा सम्झनुपर्छ ।

(झ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिईने शिक्षा सम्झनुपर्छ।

(ञ) "अनौपचारिक शिक्षा" भन्नाले विद्यालय भर्ना भई शिक्षा हासिल गर्न नसक्ने व्यक्तीलाई दिइने शिक्षा सम्झनुपर्छ।

(ट) "निरन्तर शिक्षा" भन्नाले औपचारिक, अनौपचारीक तथा अनियमित उपस्थितिको रुपबाट निरन्तर रुपमा लिइने शिक्षा सम्झनुपर्छ ।

(ठ) "दूर शिक्षा" भन्नाले पत्राचार, श्रव्य, दृष्य, श्रव्य-दृष्य वा अन्य सञ्चार माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ ।

(ड) "खुला शिक्षा" भन्नाले शिक्षाको अवसर खुला गराई आफ्नो चाहना आवश्यकता र समयलाई आफ्नो अनुकुलताको आधारमा दिइने शिक्षा सम्झनुपर्छ ।

(ढ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता सुस्तश्रवण वा अति अशक्त शारिरक अपाङ्गता भएका वालवालिकालाई छुट्टै समूहमा राखी बिशेष प्रकार र निश्चित माध्यमबाट दिईने शिक्षा सम्झनुपर्छ ।

(ण) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनुपर्छ ।

(१) दृष्टिविहिन, न्युनदृष्टियुक्त, बहिरा, सुस्तश्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिईने शिक्षा,

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाइ विभेदरहित वातावरणमा दिईने शिक्षा ।

(त) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयबस्तु सिकाईको व्यवस्था गरि प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा ९ देखि कक्षा १२ सम्म दिईने शिक्षालाई सम्झनुपर्छ ।

(थ) "विद्यालय" भन्नाले सामुदायिक विद्यालय वा संस्थागत विद्यालय सम्झनुपर्छ ।

(द) "सामुदायिक विद्यालय" भन्नाले सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमती वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ध) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने

गरी अनुमती वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(न) "प्रारम्भिक बाल विकास केन्द्र" भन्नाले खण्ड (छ) बमोजिमको शिक्षा दिन खोलिएको प्रारम्भिक बालविकास केन्द्र, नर्सरी, केजी, मन्टेसरी आदि सम्झनुपर्छ ।

(प) "आधारभूत विद्यालय"भन्नाले खण्ड (ज) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनुपर्छ।

(फ) "माध्यमिक विद्यालय" भन्नाले खण्ड (ज) र (झ) वा खण्ड (झ) बमोजिमको शिक्षा दिईने विद्यालय सम्झनु पर्छ ।

(ब) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गुम्बा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

(भ) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रुपमा अनुमती वा स्वीकृति प्राप्त गरेको विद्यालयलाई सम्झनुपर्छ ।

(म) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा क्षेत्र हेर्ने संघिय शिक्षा तथा बिज्ञान र प्रविधि मन्त्रालय सम्झनुपर्छ ।

(य) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश नं. ४ को शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(र) "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानून बमोजिम गठन भएको शिक्षक तथा कर्मचारीहरुको नियुक्ती, बढुवा आदि सिफारिस गर्ने आयोग सम्झनुपर्छ ।

(ल) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले संघीय ऐन बमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनुपर्दछ ।

(व) "शिक्षक किताबखाना" भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनुपर्छ ।

(श) "प्रमुख" भन्नाले गाउँपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ष) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

(स) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

(ह) "स्रोतव्यक्ति" भन्नाले विद्यालय निरीक्षण, सुपरीवेक्षण, अनुगमन तथा शिक्षक सहायता प्रदान गर्न स्थायी माध्यमिक शिक्षकबाट काजमा खटाई सो कामकाज गर्न तोकिएको व्यक्तिलाई सम्झनुपर्छ ।

(क्ष) "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्रशासनिक प्रमुखको रुपमा नियमानुसार नियुक्ति भएको विद्यालयको प्रधानाध्यापकलाई सम्झनुपर्छ ।

(ष) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(त्र) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनाइएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले विद्यालय व्यवस्थापन समितिको गठन गर्ने प्रयोजनका लागि विद्यार्थीको बाबु वा आमा वा बाबु तर्फको बाजे वा बज्यैलाई जनाउँछ ।

(ज्ञ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्झनुपर्छ ।

(कक) "माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले माध्यमिक तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ।

(कख) "आधारभूत शिक्षा उत्तीर्णपरीक्षा" भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(कग) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति वा सहायता प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिईएको अस्थायी स्वीकृतिलाई सम्झनुपर्छ ।

(कघ) "स्वीकृति" भन्नाले तोकिए बमोजिमका शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई सम्झनुपर्छ ।

(कङ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(कच) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनुपर्छ ।

(कछ) "शिक्षा समिति" भन्नाले यसै ऐन बमोजिम गठनभएको गाउँशिक्षा समितिलाई सम्झनुपर्छ।

(कज) "परीक्षा समिति" भन्नाले आधारभूत शिक्षा तह उत्तीर्ण प्रयोजनका लागि लिईने परिक्षा सञ्चालन र नियमन गर्न तोकिए अनुसार गठित परीक्षा समितिलाई सम्झनुपर्छ ।

(कझ) "व्यवस्थापन समिति" भन्नाले यसै ऐन बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(कञ) "शुल्क" भन्नाले विद्यालयले नियममा तोकिय बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनुपर्छ ।

(कट) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका, कार्यविधी वा मापदण्डमा तोकिएबमोजिम सम्झनुपर्छ ।

## परिच्छेद - २
## विद्यालय सञ्चालनको अनुमति र परिक्षा सञ्चालन सम्बन्धी व्यवस्था

३. <u>विद्यालय खोल्न अनुमति लिनु पर्नेः</u> (१) गाउँपालिका वाहेक अन्य समुदाय वा संस्थाले विद्यालय खोल्न, कक्षा थप र तह थप गर्न चाहेमा सम्वन्धित वडा समितिको सिफारिस सहित गाउँपालिकामा निवेदन दिनुपर्नेछ । त्यसरी निवेदन दिदाँ संस्थागत विद्यालय खोल्न चाहनेले सो विद्यालय शैक्षिक गुठी वा सहकारी कुन रुपमा सञ्चालन गर्ने हो, सो व्यहोरासमेत निवेदनमा उल्लेख गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा स्थानिय शिक्षा अधिकृतले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्ने, गराउनेछ र जाँचबुझ गर्दा विद्यालय खोल्ने अनुमति दिन मनासिव देखिएमा गाउँ शिक्षा समितिको निर्णय सहितको सिफारिसका आधारमा गाउँ कार्यपालिकाको निर्णयानुसार तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई सञ्चालन रहेको विद्यालयले तोकिएको शर्त बन्देज पालना तथा पुरा गरेमा गाउँपालिकाले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम गाउँ शिक्षा समितिले विद्यालय सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ ।

(६) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठी वा सहकारीको रुपमा सञ्चालन गर्न अनुमति दिईने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(७) शैक्षिक गुठी तथा सहकारी अन्तर्गत विद्यालय सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि निजी स्रोतबाट आधारभूत विद्यालयको प्रारम्भिक बाल विकास केन्द्र खोल्ने अनुमति वा स्वीकृति सम्बन्धीत वडा समितिले दिनेछ ।

(९) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले कुनै मुनाफा नलिने उद्देश्य राखी गुरुकुल, मदरसा, गुम्बा समेतका विद्यालय सञ्चालन गर्न चाहेमा सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ।

(१०) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धी व्यवस्था उपदफा (१) र (२) बमोजिम हुनेछ ।

(११) प्रचलित नेपाल कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ।

(१२) उपदफा ९ बमोजिम अनुमति वा स्वीकृत प्राप्त विद्यालयको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. <u>विशेषशिक्षा, समावेशीशिक्षा, अनौपचारिक शिक्षा, निरन्तरशिक्षा, दुर शिक्षा तथा खुला शिक्षा सम्बन्धी व्यवस्था:</u>

(१) गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, दुर तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) विशेषशिक्षा र समावेशी शिक्षा सम्बन्धी व्यवस्था साधारण शिक्षा सरह हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि विशेष शिक्षा तर्फ अध्ययनरत बालबालिकाको लागि पाठ्यक्रम पाठ्यपुस्तक सिकाई सहजीकरण प्रक्रिया र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्नसकिनेछ ।

(४) विशेषशिक्षा समावेशी शिक्षा र दुर तथा खुला शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

५. <u>शिक्षाको प्रकार:</u> (१) विद्यालय शिक्षाको प्रकार देहाय अनुसार हुनेछ ।

(क) आधारभूत शिक्षा

(अ) साधारणशिक्षा

(आ) परम्परागत धार्मिक शिक्षा

(ख) माध्यमिक शिक्षा

(अ) साधारण शिक्षा

(आ) परम्परागत धार्मिक शिक्षा

(ई) प्राविधिक तथा व्यवसायिक शिक्षा

६. शिक्षाको माध्यमः

(१) विद्यालयमा शिक्षाको माध्यम नेपालीभाषा वा अंग्रेजीभाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

(क) आधारभूत तहको प्रारम्भिक बालशिक्षा देखि कक्षा ५ सम्म विद्यार्थीको मातृभाषामा शिक्षा दिन सकिनेछ ।

(ख) गैरनेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा निजले चाहेमा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनैभाषा विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

७. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः

(१) विद्यालयले नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट स्वीकृत पाठ्यक्रम पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्री लागु गर्नुपर्नेछ ।

(२) पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) स्थानिय पाठ्यक्रम निर्माणका लागि गाउँपालिकाले तोकियबमोजिमको पाठ्यक्रम निर्माण समिति मार्फत पाठ्यक्रम निर्माण गरी लागु गर्न्न सक्नेछ ।

८. परीक्षाको सञ्चालन र व्यवस्थापनः

(१) माध्यमिक शिक्षाको कक्षा दश र माध्यमिक तहको अन्त्यमा हुने परीक्षाको सञ्चालन संघीय शिक्षाऐन बमोजिम हुनेछ ।

(२) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा गाउँपालिकाले सञ्चालन गर्नेछ ।

(३) आधारभूत तहको अन्त्यमा हुने परीक्षाको सञ्चालन र व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

## परिच्क्षेद - ३

## गाउँ शिक्षा समिति, वडा शिक्षा समिति र गाउँ शिक्षा कोष सम्बन्धी व्यवस्था

९. <u>गाउँ शिक्षा समितिः</u> (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयहरुको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिको अध्यक्ष | अध्यक्ष |
| (ख) बजेट तथा कार्यक्रम तर्जूमा समितिका संयोजक | सदस्य |
| (ग) सामाजिक विकास समितिका संयोजक | सदस्य |
| (घ) गाउँ कार्यपालिकाका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको एकजना दलित र महिला सहित ३ जना | सदस्य |
| (ङ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (च) शिक्षक महासंघको स्थानिय अध्यक्ष वा प्रतिनिधि | सदस्य |
| (छ) सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँशिक्षासमितिले मनोनित गरेको एकजना प्रतिनिधि | सदस्य |
| (ज) सामुदायिक विद्यालयका प्रधानाध्यापहरु वा शिक्षकहरु मध्येबाट एकजना महिला समेत पर्ने गरी गाउँ शिक्षा समितिले मनोनित गरेको २ जना | सदस्य |
| (झ) संस्थागत विद्यालयका बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा सञ्चालकहरु मध्येबाट गाउँशिक्षा समितिले मनोनित गरेको एकजना प्रतिनिधि | सदस्य |
| (ञ) शिक्षाक्षेत्रमा क्रियाशील शिक्षाप्रेमी, विज्ञ, समाजसेवी, वुद्धिजिविहरु मध्येबाट गरी गाउँशिक्षा समितिले मनोनित गरेको एक जना प्रतिनिधि | सदस्य |
| (ट) स्थानीय शिक्षा अधिकृत | सदस्य |
| (ठ) सम्बन्धित गाउँपालिकाको शिक्षा हेर्ने स्रोतब्यक्ति | सदस्य सचिव |

(२) मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा निजलाई मनोनित गर्ने निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका बाट बन्चित गरिने छैन ।

(३) समितिले आवश्यकता अनुसार प्रधानाध्यापक वा सम्वन्धित क्षेत्रको विषय विशेषज्ञ लाई भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार प्रचलित कानून बमोजिम अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त देहायबमोजिम हुनेछ ।

(क) बालबालिकालाई आधारभूत शिक्षा सम्मको अध्ययन अनिवार्यरुपमा गराउन अभिभावकलाई जानकारी गराउने तथा त्यसकालागि प्रोत्साहन गर्ने,

(ख) विद्यालयमा भर्ना भएका वा नभएका बालबालिका लगायत अन्यव्यक्तिको उमेर, जात, लिङ्गसमेतको आधारमा विवरण बनाई अद्यावधिक गराईराख्ने,

(ग) विद्यालयको शैक्षिक योजना सम्बन्धी अभिलेख अद्यावधिक गराई राख्ने,

(घ) व्यवस्थापन समितिलाई स्थानीयस्रोत, साधनको पहिचान र परिचालनमा सहयोग पु¥याउने,

(ङ) गरीबीको रेखा मुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागीता गराउन आवश्यक व्यवस्था मिलाउने,

(च) व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागि विद्यालयको सुपरीवेक्षण र अनुगमन गरी प्रधानाध्यापक, शिक्षक लगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गर्ने,

(छ) विद्यालयमा शैक्षिकगुणस्तर वृद्धिगर्न जनचेतनामूलक कार्यक्रम, तालिम, गोष्ठी, सेमिनार तथा कार्यशाला सञ्चालन गर्ने,

(ज) विद्यालयको भौतिक स्थितिको अध्ययन गरी सुधारका लागि पहल गर्ने,

(झ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण तयार गर्न सहयोग गर्ने,

(ञ) गाउँपालिका क्षेत्र भित्रका शिक्षित जनशक्तिको अभिलेख राख्ने र त्यस्ता जनशक्ति बाट स्वयंसेवक भई अध्यापन गर्न प्रोत्साहित गर्ने,

(ट) शिक्षकको कार्यदक्षताको आधारमा पुरस्कारको व्यवस्था गर्ने,

(ठ) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने,

(ड) विद्यालयस्तरीय अन्तर खेलकुद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको विकास तथा सञ्चालन गराउने र सोको लागि पुरस्कारको व्यवस्था गर्ने,

(ढ) आफ्नो क्षेत्रभित्रका बालबालिकाको विद्यालय शिक्षामा पहुँच बढाउनको लागि व्यवस्था गर्ने,

(ण) आफ्नो क्षेत्रभित्र विशेष शिक्षा तथा समावेशी शिक्षा, गुरुकूल, मदरसा, गुम्बाबाट प्रदान गरिने शिक्षा सम्बन्धी योजना तर्जुमा गर्ने,

(त) विद्यालयहरुको विपद जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनीकरणका लागि कार्ययोजना तयार गर्ने

(थ) विद्यालय शिक्षामा सुधारका लागि योजना वनाई गाउँसभामा पेस गर्ने ।

(द) आफ्नो सेवा क्षेत्रभित्र विद्यालय सञ्चालन अनुमति, स्वीकृती, विद्यालय सार्ने,

गाभ्ने तथा दरबन्दी मिलान लगायतका कार्य गर्ने गराउने सम्बन्धमा गाउँ कार्यपालिकामा सिफारिश गर्ने,

(ध) आफ्नो सेवा क्षेत्र भित्रका शिक्षक, कर्मचारीहरुको विवरण अद्यावधिक गराउने, रिक्त दरवन्दीमा नियुक्तिका लागि शिक्षकसेवा आयोगमा विस्तृत विवरण सहितको माग गर्न लगाउने,

(५) गाउँ शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१०. गाउँ शिक्षा समितिको बैठक: (१) गाउँ शिक्षा समितिको बैठक सामान्यतया २ महिनामा एक पटक बस्नेछ। तर आवश्यकता अनुसार जुन सुकै समयमा वैठक वस्न सकिने छ ।

(२)समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक वोलाउनेछ ।

(३) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

११. गाउँ शिक्षा कोषः (१) सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन, शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यार्थी, शिक्षक तथा अभिभावकहरुलाई प्रोत्साहित गरी क्षमता विकासका कार्य गर्न गाउँपालिकास्तरमा एक गाउँ शिक्षाकोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् ।

(क) संघीय सरकार बाट प्राप्त अनुदान रकम

(ख) प्रदेश सरकार बाट प्राप्त अनुदान रकम

(ग) गाउँपालिका बाट प्राप्त अनुदान रकम

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको कूल आम्दानी मध्ये तोकिए बमोजिम प्रतिशतले हुन आउने रकम

(ङ) शिक्षा कर बाट उठेको रकम

(च) चन्दा बाट प्राप्त रकम

(छ) शिक्षा समिति तथा परीक्षा समितिको निर्णयानुसार प्राप्तहुने अन्य रकम

(३) कोषको सञ्चालन व्यवस्थापन र परिचालन तोकिएबमोजिम हुनेछ ।

१२. वडा शिक्षा समिति: (१) यस गाउँपालिका अन्तर्गतका प्रत्येक वडाहरुमा एक वडा शिक्षा समिति रहने छ । वडा शिक्षा समितिमा देहायबमोजिम सदस्यहरु रहने छन् ।

(क) सम्बन्धित वडाको वडा अध्यक्ष — अध्यक्ष

(ख) सम्बन्धित वडा भित्र संचालित विद्यालयका विद्यालय ब्यबस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना — सदस्य

(ग) वडा भित्रका शिक्षा प्रेमी, समाज सेबी, बुद्धिजीवीहरु मध्येबाट

१ जना महिला समेत पर्ने गरी वडा शिक्षा समितिले मनोनित गरेको २ जना — सदस्य

(घ) सम्बन्धीत वडा भित्र संचालित विद्यालयका प्रधानाध्यापकहरुमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना प्रतिनिधि — सदस्य

(ङ) सम्बन्धित वडाको वडा सचिव — सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम कर्तब्य र अधिकार तोकिएबमोजिम हुने छ ।

(३) वडा शिक्षा समिति अन्तर्गत रहने गरी एक वडा शिक्षा कोष रहेन छ । उक्त कोषमा तोकिएबमोजिमका रकमहरु रहने छन् ।

## परिच्क्षेद - ४

## विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक सम्बन्धि व्यवस्था

१३. विद्यालय व्यवस्थापन समितिः (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) अभिभावकहरुले आफूहरुमध्येबाट छानी पठाएका दुईजना महिला सहित चार जना — सदस्य

(ख) विद्यालय रहेको सम्बन्धीत वडाको वडा अध्यक्ष वा वडासमितिले मनोनित गरेको वडा समितिको सदस्य — सदस्य

(ग) विद्यालयका संस्थापक स्थानीय वुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्ष देखि सहयोग गर्ने वा विद्यालयलाई दशलाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना — सदस्य

(घ) विद्यालयका शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएका एकजना — सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक — सदस्य सचिव

(२) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका विद्यार्थीका अभिभावकहरु र समावेशी वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना सदस्य अपाङ्गता भएका विद्यार्थीका अभिभावक रहने छन् ।

(३) प्राविधिक र व्यवसायिक विषयमा अध्यापन गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा स्थानीय उद्योग तथा वाणिज्यसंघका दुईजना प्रतिनिधि सदस्य रहनेछन् ।

(४) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड क,ख र ग बमोजिमका सदस्यहरुमध्ये बाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ।
विद्यालय ब्यबस्थापन समिति गठन सम्बन्धी अन्य ब्यबस्था तोकिएबमोजिम हुने छ।

(५) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभए सम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठसदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) सम्बन्धीत स्रोतव्यक्तिलाइ विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

(७) संस्थागत विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयका संस्थापक लगानिकर्ता वा अभिभावकहरुमध्ये बाट विद्यालयको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतले मनोनितगरेको व्यक्ति — अध्यक्ष

(ख) अभिभावकहरुले आफूहरुमध्येबाट छानीपठाएका एक जना महिलासहित दुईजना — सदस्य

(ग) विद्यालय रहेको सम्बन्धीत वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको वडासमितिको सदस्य — सदस्य

(घ) स्रोतव्यक्ति वा गाउँ पालिकाले तोकी पठाएको प्रतिनिधी एकजना — सदस्य

(ङ) शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको एकजना — सदस्य

(च) विद्यालयको प्रधानाध्यापक — सदस्य सचिव

(८) खण्ड क, घ र ङ बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीनवर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरीछान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेशगर्ने मौका बाट बन्चित गरिनेछैन ।

(९) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,

(ग) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने,

(घ) तलबी अध्ययन विदामा जाने शिक्षक तथा कर्मचारीलाई फर्केपछि कम्तीमा तीन वर्ष विद्यालयमा सेवा गर्नुपर्ने सम्बन्धमा शर्तहरू निर्धारणगरी कवुलियतनामा गराउने,

(ङ) शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षा र सम्वद्र्धन गर्ने,

(च) विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्तगर्ने ।

(छ) नेपाल सरकारबाट स्वीकृत भएको दरवन्दीको शिक्षक तथा कर्मचारीको पदरिक्त हुन आएमा स्थायीपूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्रदिन भित्र स्थानीय तह मार्फत शिक्षक सेवा आयोगमा लेखी पठाउने,

(ज) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारबाही गर्ने,

(झ) विद्यालयको शैक्षिकस्तरवृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,

(ञ) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका बाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(ट) विद्यार्थीहरूले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागूगर्ने,

(ठ) शिक्षक तथा कर्मचारीहरूको अभिलेख अध्यावधिक गराईराख्ने,

(ड) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(ढ) विद्यालयको लेखापरीक्षणको लागि प्रचलित कानून बमोजिम दर्ताभएका लेखा परीक्षकहरुमध्ये कम्तीमा तीनजना लेखापरीक्षकको नाम नियुक्तिको लागि स्थानीय तहमा सिफारिस गरी पठाउने ,

(ण) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने,

(त) विद्यार्थीलाई उपलब्ध गराइएका ेछात्रवृत्ति रकम प्रदान गर्ने,

(थ) विद्यालय व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,

(द) स्थानीय तह सँग समन्वयगरी  शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,

(ध) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा स्थानीयतहमा माग गर्ने,

(न) वार्षिकरुपमा विद्यालयकालागि आवश्यक मालसामान, मसलन्द सामग्रीको खरिद योजनास्वीकृत गर्ने,

(प) विद्यालयको समग्र विकासको लागि विद्यालय सुधार योजना तयार गरी स्वीकृत गर्ने , सो योजनामा शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने योजनाको अतिरिक्त विद्यालयका विपदजोखिम न्यूनिकरणकाका कार्यक्रम समेत समाबेश गर्ने, योजनमा समाबेश कार्यक्रम कार्यान्वयन गर्न  कार्ययोजना समेत तयार गरी लागु  गर्ने ।

(फ) विद्यालयको चलअचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने,

(ब) आफ्नै स्रोतबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारबाहीलाई व्यवस्थित गर्न कार्यविधि बनाई स्थानीय शिक्षाअधिकृत मार्फत गाउँ पालिका बाट स्वीकृत गराई  लागू गर्ने,

(म) गाउँपालिकाबाट समय समयमा भएका निर्देशन अनुरूप काम गर्ने ।

(१०) संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विद्यालयको शैक्षिक गुठीका गुठीयार वा कम्पनीका सञ्चालक सँग समन्वय गरी विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीको सेवाका सुरक्षा र सम्बर्द्धन गर्ने,

(ग) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट सचालन हुने विभिन्न कार्यक्रमहरूमा  विद्यालयलाई सरिक गराउने,

(घ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(ङ) विद्यालयको शिक्षक पदको दरबन्दी स्वीकृत गर्ने तथा रिक्तपदमा अस्थायी शिक्षक नियुक्त गर्ने र ६ महिना भित्र स्थायी पदपूर्तिको प्रक्रिया शुरु गर्ने,

(च) विद्यालयमा नियुक्त शिक्षक तथा कर्मचारीलाई तोकिए बमोजिम

तलवभत्तामा नघट्ने  गरी सुविधा उपलव्ध गराउने,

(छ) शिक्षक तथा कर्मचारी कल्याणकोषको व्यवस्था गर्ने,

(ज) खण्ड (छ) बमोजिमको कोषमा जम्मा भएको रकम सोहीखण्डमा उल्लिखित काममा मात्र खर्चगर्ने,

(झ) आफ्नो आचरण अनुसार काम नगर्ने शिक्षक तथा कर्मचारीलाई विभागीय कारवाही गर्ने,

(ञ) विद्यालयको लेखापरीक्षणको लागि प्रचलित कानून बमोजिम दर्ता भएका लेखा परीक्षकहरुमध्येबाट कम्तीमा तीन जना लेखापरीक्षकको नाम नियुक्तिको लागि स्थानीय शिक्षा अधिकृत समक्ष सिफारिस गर्ने,

(ट) विद्यार्थीहरूले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागूगर्ने,

(ठ) स्थानीय शिक्षा अधिकृतले दिएका निर्देशन अनुरूप कामगर्ने

(ड) शिक्षक अभिभावक संघ गठन गर्ने ।

(११) व्यवस्थापन समितिले आफ्नो अधिकार मध्ये आवश्यकताअनुसार केही अधिकार व्यवस्थापन  समितिको सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(१२) व्यवस्थापन समितिको छनौट योग्यता तथा बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम  हुनेछ ।

१४. <u>विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः-</u>

(१) देहायको अवस्थामा तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई स्थानीय  शिक्षा अधिकृतको  सिफारिसमा गाउँ शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ ।

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) नेपाल सरकार प्रदेश सरकार वा स्थानीय सरकारको नीति विपरीत काम गरेमा,

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा, वा

(ङ) सम्बन्धीत निकाय वा अधिकारीले दिएको निर्देशनको पालना नगरेमा ।

तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापनसमिति  विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म  वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन

समिति गठन नभए सम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँ शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ । उक्त समितिको म्याद बढिमा ६ महिनाको हुनेछ ।

१५. <u>प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः-</u>

(१) विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा प्रधानाध्यापकको पद रहनेछ ।

(२) प्रधानाध्यापकको काम, कर्तब्य, अधिकार तोकिए बमोजिम हुनेछ ।

१६. <u>विद्यालयको सम्पत्तिः-</u>

(१) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ ।

(२) सामुदायिक विद्यालयको अचल सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको वा समायोजन गरिएको सामुदायिक विद्यालयको अचल सम्पत्तिको व्यवस्थापन गाउँपालिकाले गर्नेछ ।

(३) शैक्षिक गुठी तथा सहकारीकोरुपमा संचालित संस्थागतविद्यालयको अचल सम्पत्ति सोही विद्यालयकोनाममा रहनेछ। त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति माानिनेछ र यो सम्पत्तिको स्वरुप गाउँपालिको स्वीकृती वेगर परिवर्तन हुनेछैन ।

(४) कम्पनीको रुपमा संचालित संस्थागत विद्यालयको सम्पत्ति कम्पनीको नाममा रहनेछ ।

(५) संस्थागत विद्यालयले कुनैव्यक्ति वा संघसंस्था संग दान दातव्यका रुपमा कुनै किसिमको चलअचल सम्पत्ति प्राप्तगर्नु अघि गाउँ शिक्षा समितिको स्वीकृति लिनुपर्नेछ ।

(६) उपदफा ४ बमोजिमको सम्पत्ति गाउँपालिकाको स्वीकृति वेगर वेचविखन गर्न पाईनेछैन ।

(७) विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. <u>विद्यालयको वर्गिकरणः-</u>

विद्यालय हरुलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

१८. <u>निशुल्क शिक्षा तथा शुल्क सम्बन्धी व्यवस्था :-</u>

(१) नेपालसरकार, प्रदेश सरकार र गाउँपालिकाले निशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउनेछैन ।

(२) कुनै संघ सस्था वा अभिभावको आफ्नो स्वेच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिनसकिनेछ ।

(३) सवै वालवालिकालाई आधारभूत तह सम्मको शिक्षा निशुल्क र अनिवार्य तथा माध्यमिकतह सम्मको शिक्षा निशुल्क प्रदानगर्नको लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

(४) दृष्टिविहिन बालबालिकालाई ब्रेललिपी तथा बहिरा तथा स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सांकेतिक भाषाको माध्यमबाट निशुल्क शिक्षाप्रदान गर्ने व्यवस्था गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाइ कुनैकक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिईसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउनेछैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण तथा मर्मत गर्नका लागि कुनै किसिमको शुल्क लिन पाउनेछैन ।

(७) संस्थागत विद्यालयले लिनपाउने तोकिए बमोजिमको शुल्क गाउँपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नुपर्नेछ । यसरी शुल्क निर्धारणको स्वीकृत दिंदा विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिईनेछ ।

(८) संस्थागत विद्यालयले लिनपाउने शुल्क तथा शुल्क निर्धारणका आधारहरु लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) कुनैविद्यालयले यस ऐन तथा अन्तर्गत बनेका नियमावली निर्देशिका कार्यविधि वा मापदण्ड विपरित कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धीत विद्यार्थीलाई फिर्ता गर्न लगाउनुपर्छ ।

१९. विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति सम्बन्धी व्यवस्था :-

(१) नेपालसरकार, प्रदेशसरकार तथा गाउँपालिकाले सामुदायिक विद्यालयमा भर्नाहुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

(२) संस्थागत विद्यालयले प्रत्येक कक्षामा प्रथम, द्वितीय र तृतिय हुने विद्यार्थीलाई क्रमशः शतप्रतिशत, पचास प्रतिशत तथा पच्चिस प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(३) संस्थागत विद्यालयले विद्यालयमा भर्नाभएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम विपन्न तथा गरिव, महिला, जनजाति, दलित, अपाङ्गता भएका र जेहेन्दार विद्यार्थीलाई निशुल्क छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको  छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समितिमा अभिभावकबाट छनौट भएको सदस्यको संयोजकत्वमा गाउँपालिकाको विद्यालय निरीक्षण गर्न तोकिएको स्रोतब्यक्ति र विद्यालयको प्रधानाध्यापक रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(५) उपदफा (२) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्ने आधार प्रक्रिया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. <u>बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा पठाउनुपर्ने :-</u>

(१) सबै अभिभावकले पाँच वर्ष पुराभएका बालबालिकालाई आधारभुत शिक्षाका लागि अनिवार्य रुपमा विद्यालय पठाउनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम आफ्नो क्षेत्रभित्रका बालबालिकालाई विद्यालय पठाए नपठाएको सम्बन्ध मा गाउँशिक्षासमिति, सम्बन्धीत वडाको वडा अध्यक्ष, वडा समिति, स्रोतव्यक्ति तथा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ।

(३) कुनै अभिभावकले उपनियम (१) बमोजिम बालबालिकालाई विद्यालयमा पठाएको नदेखिएमा त्यस्तो अभिभावकलाई सम्झाई बुझाई, विशेष सहयोग तथा प्रेरित गरी त्यस्ता बालबालिकालाई विद्यालयमा पठाउन लगाउनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम सम्झाईबुझाई गर्दा समेत बालबालिकालाई विद्यालय नपठाउने अभिभावकलाई गाउँपालिकाबाट उपलब्ध गराउने सेवा सुविधावाट वञ्चित गर्न सकिने छ ।

(५) यस ऐन बमोजिम विद्यालयमा भर्ना  भएका विद्यार्थीलाई विद्यालयले निःशुल्क अध्ययन   गराउनुपर्नेछ ।

(६) विद्यालय जाने उमेर समूहका वालवालिकालाई अनिवार्यरुपमा विद्यालय भर्ना अभियान तथा  कार्यक्रम तर्जुमा गरी लागुगर्ने दायित्व शिक्षा समितिको हुनेछ ।

२१. <u>विद्यालय खोल्न, कक्षा थप गर्न, नाम परिवर्तन गर्न, सार्न, गाभ्न, समायोजन गर्न, कक्षा वा तह घटाउन वा बन्द गर्न सक्नेः-</u>

(१) गाउँपालिकाले गाउँ शिक्षा समितिको राय लिई कुनै ठाउँमा विद्यालयखोल्न, कक्षा थप गरी सञ्चालन गर्ने अनुमति दिन, विद्यालयको नाम परिवर्तन गर्न, सञ्चालन भईरहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्कोस्थानमा सार्न, दुई वा सोभन्दा बढीविद्यालय गाभी एउटा विद्यालय कायम गर्न, एउटा विद्यालयलाई अर्को विद्यालयमा समायोजन गर्न, कुनै विद्यालयको तह वा कक्षा घटाउन वा बन्द गर्नसक्नेछ ।

(२) विद्यालय खोल्ने कक्षा थप गर्ने, नाम परिवर्तन गर्ने सार्ने, गाभ्ने, समायोजन गर्ने, कक्षा वा तह घटाउने वा बन्दगर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२२. शिक्षकको सरुवा :-

(१) सरुवा हुन चाहने शिक्षकले गाउँपालिका क्षेत्र भित्र सरुवा हुन चाहेमा सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको सहमति सहित तोकिए बमोजिमको निवेदन फाराम भरी गाउँ कार्यपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा दरवन्दी रिक्त र विषय मिल्ने देखिएमा गाउँ शिक्षा समितिको निर्णय अनुसार प्रमुख प्रशासकिय अधिकृतले त्यस्तो शिक्षकलाई सरुवा गर्न सक्नेछ । तर अन्य स्थानीय तहमा सरुवा हुन चाहने शिक्षकहरुलाई सरुवा गर्दा निवेदक कार्यरत स्थानको नगरपालिका वा गाउँपालिकाको सहमति लिनुपर्नेछ । तर दरवन्दी मिलान गर्दा वा विशेष कारणबश कुनै शिक्षकलाइ गाउँपालिका भित्र कुनै विद्यालयबाट सरुवा नगरी नहुने भएमा त्यस्तो शिक्षकको एउटै विद्यालयमा पाँचबर्ष पूरा नभएको भएपनि कारण खुलाइ यस दफाबमोजिम सरुवा गर्न बाधा पर्नेछैन ।

(३) स्थायी नियुक्ती लिएको एकवर्ष नपुगेको शिक्षक र अनिवार्य अवकास हुन एकवर्ष वा सो भन्दा कमअवधी बाँकी रहेको शिक्षकको सरुवा गरिने छैन ।

२३. शिक्षक छनौट समिति :-

(१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक वा करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न वा संस्थागत विद्यालयमा स्थायी शिक्षक नियुक्तिको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ।

| | |
|---|---|
| (क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य | अध्यक्ष |
| (ख) शिक्षा अधिकृत वा स्रोतब्यक्ती वा शिक्षा अधिकृतले तोकेको अधिकृत कर्मचारी | सदस्य |
| (ग) गाउँपालिकाले तोकेको १ जना प्रतिनिधी | सदस्य |
| (घ) प्रधानाध्यापक | सदस्य-सचिव |

(२) शिक्षक सेवा आयोगले शिक्षक छनौट गर्ने सम्बधमा मापदण्ड निर्धारण वा कार्यविधी जारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधीको पालना गर्नुपर्नेछ र शिक्षक छनौट सम्वन्धी अन्य कार्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) शिक्षक छनौट सम्बन्धी अन्य कार्यविधी सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२४. <u>करारमा शिक्षक नियुक्ति सम्बन्धी अन्य व्यवस्थाः-</u>

करारमा शिक्षक नियुक्ति सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजि हुने छ ।

२५. <u>विद्यालय तथा प्रारम्भिक बालविकास केन्द्रलाई अनुदान :-</u>

(१) गाउँपालिकाले सामुदायिक विद्यालयहरुलाई देहायको आधारमा अनुदानको बाँडफाँड गर्नेछ ।

(क) विद्यालयको विद्यार्थी संख्या

(ख) विद्यालयको शिक्षक संख्या

(ग) विद्यालयको सिकाई उपलब्धी

(घ) विद्यालयको आर्थिक अवस्था

(२) गाउँपालिकाको सहयोगमा खोलिएका प्रारम्भिक बालविकास केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सकिनेछ ।

(३) विद्यालयले प्राप्त गरेको रकम जुनकामका लागि खर्च गर्न निकाशा भएको हो सोही शीर्षकमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार खर्च गर्नुपर्नेछ ।

(४) यस ऐन प्रारम्भ हुँदाका बखत सामुदायिक विद्यालयलाइ दिईंदै आएको अनुदान रकममा कटौती गरिनेछैन । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा र विद्यालयको तह वा कक्षा घटेकोमा वा समायोजन भएकोमा त्यस्तो विद्यालयलाइ दिंदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौति गर्न सकिनेछ ।

२६. <u>साझेदारीमा विद्यालय सञ्चालन गर्न सक्ने :-</u>

(१) गाउँपालिकाले सामुदायिक विद्यालय र सार्वजनिक गुठी अन्तर्गत संचालित विद्यालयहरु वीच साझेदारीमा विद्यालय सञ्चालन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका विद्यालयको व्यवस्थापन समितिगठन काम कर्तव्य र अधिकार साझेदारीका तरिका तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. <u>सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्ने :-</u>

(१) गाउँपालिकाले समुदायमा साक्षरता सीप विकास, निरन्तर सिकाई र पुस्तकालय व्यवस्थापन समेतको कामगर्न तोकिए बमोजिम सामुदायिक सिकाईकेन्द्र सञ्चालन गर्न सक्नेछ ।

(२) सामुदायिक सिकाई केन्द्र एक वडामा एउटा भन्दा बढी हुनेछैन। तर वडा शिक्षा समितिको सिफारिसका आधारमा एक भन्दा बढि सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालन गर्न सकिनेछ ।

(३) सामुदायिक सिकाईकेन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. निर्देशन दिन सक्नेः-

(१) कार्यपालिकाले आवश्यकता अनुसार गाउँ शिक्षा समिति, वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईएको निर्देशनको पालना गर्नु गाउँ शिक्षा समिति, वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

२९. अनुमति वा स्वीकृति रद्द गर्नेः-

कुनै विद्यालयले यो ऐन, यस अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधी, मापदण्ड वा गाउँपालिकाले दिएको निर्देशन विपरित कामगरेमा त्यस्ता विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति गाउँपालिकाले रद्द गर्नेछ ।

३०. विद्यालयलाई शान्ति क्षेत्रको रुपमा कायम गर्नुपर्ने :

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा सिकाई सहजीकरण गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनैपनि किसिमको अवान्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई शान्ति क्षेत्र कायम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालयलाई शान्ति क्षेत्र कायम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३१. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :-

(१) कुनैपनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाईनेछैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाईने छैन ।

३२. शिक्षक तथा कर्मचारीको पदीय आचरण :-

(१) शिक्षकहरु उच्च आदर्शले प्रेरित भई सिकाई सहजीकरण कार्यमा संलग्न हुनुपर्नेछ । शिक्षकहरु कुनै पनि निजी वा सामाजिक संघ संस्था एवं गैर सरकारी संस्थाको सदस्य वा पदाधिकारी हुन पाइने छैन ।

(२) शिक्षक तथा कर्मचारीहरुको लागि आचारसंहिता तोकिनेछ । तोकिएका आचारसंहिताको पालना गर्नु शिक्षक तथा कर्मचारीको कर्तव्य हुनेछ ।

(३) तोकिएको आचारसंहिताको पालना नगरेमा एवम् देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाईनेछ ।

(क) पदीय दायित्व पूरा नगरेमा

(ख) विना सूचना लगातार ३० दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा

(ग) विद्यालयमा मादक पदार्थ सेवनगरी आएको कुरा प्रमाणित भएमा

(घ) नैतिक पतनदेखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन गरेमा ।

(च) शिक्षक वा कर्मचारी राजनीतिकदल वा तीनका भातृ संगठन/संस्थाहरुको कार्यकारिणी समितिको सदस्य रहेको पाईएमा।

यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनीतिकदल वा तीनका भातृ संगठन/संस्थाहरुको विधानबमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीयतह स्तरका कार्यकारिणी समितिलाई सम्झनुपर्छ ।

३३. <u>शिक्षकलाई अन्य काममा लगाउन नहुने :-</u>

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्न विद्यालयको प्रशासन व्यवस्थापन सम्बन्धी काममा वाहेक अन्य काममा लगाउन पाइनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठनपाठनमा बाधा नपुग्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्दार वा नेपाल सरकार प्रदेश सरकार र गाउँ पालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

३४. <u>तलव भत्ता नपाउने र सेवा अवधि गणना नहुने:-</u>

यस ऐन अनुसार विदा वा काज स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षक वा कर्मचारीले अनुपस्थित अवधिको तलवभत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुनेछैन ।

३५. <u>स्थायी आवासीय अनुमति लिन नहुने :-</u>

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिनहुंदैन।

३६. <u>कर्मचारी सम्बन्धी व्यवस्था :-</u>

बिद्यालयमा रहने कर्मचारीका दरबन्दी, नियुक्ति प्रक्रिया र कर्मचारीले पाउने सुबिधा तोकिए बमोजिम हुनेछ ।

३७. <u>शिक्षक विद्यार्थीको अनुपात, दरवन्दी मिलान र थप शिक्षक सहायता :-</u>

शिक्षक विद्यार्थीको अनुपात, दरवन्दी मिलान र थप शिक्षक सहायता आदि विषयमा तोकिए बमोजिम हुनेछ ।

३८. <u>ट्युसन, कोचिङ, जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा सञ्चालन सम्बन्धी व्यवस्था :-</u>

(१) ट्युसन, कोचिङ, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोर्ष, पुर्व तयारी कक्षा लगायतका परामर्श सेवा सञ्चालन गर्न गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) ट्युसन, कोचिङ, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोर्ष, पुर्व तयारी कक्षा लगायतका परामर्श सेवा सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३९. <u>प्रगति विवरण बुझाउनु पर्नेः-</u>

सबै किसिमका विद्यालयले प्रत्येक बर्ष तोकिए बमोजिम प्रगति विवरण गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्ने छ ।

४०. <u>दण्ड संजाय सम्बन्धी ब्यबस्था :-</u>

कसैले यस ऐन वा ऐन बमोजिम नियमको उल्लघन गरेमा प्रचलित कानुन बमोजिम दण्ड सजाय गर्न बाधा पुगेको मानिने छैन र गाउँपालिकाले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।

४१. <u>नियम बनाउने अधिकार :-</u>

(१) यस ऐनको उद्धेश्य कार्यान्वयन गर्न यस ऐनको अधिनमा रही कार्यपालिकाले देहायका विषयका अतिरिक्त आवश्यक अन्य विषयमा नियमावली, निर्देशिका, कार्यविधी र मापदण्ड बनाउनसक्नेछ ।

(क) विद्यार्थीलाई लाग्ने शुल्क निर्धारणका आधारहरु

(ख) विद्यालयको छात्रवृत्ति

(ग) विद्यालयलाई दिईने अनुदान

(घ) विद्यालयको परीक्षा

(ङ) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण तथा मूल्याङ्कन

(च) विद्यार्थी शिक्षक अनुपात तथा दरवन्दी मिलान

(छ) विद्यालय समायोजन

(ज) प्रति विद्यार्थी लागतका आधारमा शिक्षक सहयोग

(झ) माध्यमिक तहको कक्षा एघार र वाह्रमा शिक्षक व्यवस्थापन

(ञ) प्रारम्भिक वालविकास केन्द्र व्यवस्थापन

(ट) विद्यालयको सह तथा अतिरिक्त कार्यकलाप र कार्यक्रम

(ठ) विद्यालको सम्पत्तिको सुरक्षा

(ड) विद्यालयको नामाकरण

(ढ) विद्यालयको छात्रवास चलाउने ब्यबस्था

(ण) विद्यालयको पाठ्यक्रम पाठ्यपुस्तक र सन्दर्भसामग्री

(त) विशेष तथा समावेशी शिक्षा

(थ) अनौपचारिक तथा निरन्तर शिक्षा

(द) दुर तथा खुला शिक्षा

(ध) गाउँ शिक्षा कोष

(न) विद्यालयको कोष

(प) विद्यालयको पुस्तकालय र वाचनालय

(फ) ट्युसन कोचिङ शैक्षिक परामर्श भाषाशिक्षण जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा

(ब) शिक्षक तथा विद्यार्थीको आचारसंहिता

(भ) विद्यार्थी सल्लाह तथा  निर्देशन सेवा

(म) शिक्षक तथा विद्यालय व्यवस्थापन तालिम

(य) प्रधानाध्यापक नियुक्तिको लागि आवश्यक योग्यता काम कर्तव्य अधिकार र सुविधा

(र) विद्यालयका झण्डा चिन्ह र प्रार्थना

(ल) वडा शिक्षा कोष

४२. <u>बाधा अड्काउ हटाउने अधिकार :</u>

यस ऐनको कार्यन्वयनमा बाधा अड्काउ परेमा कार्यपालिकाले आवश्यक निर्णय एवम् कार्यविधि जारी गर्नेछ ।

४३. <u>बचाउ र लागु नहुने :-</u>

(१) यस ऐन र अन्तर्गत बनेका नियममा  लेखिएका कुराहरु  यसै बमोजिम र यसमा नलेखिएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐन वा अन्तर्गत उल्लेखित कुनै विषय संघिय शिक्षा ऐन वा प्रदेश शिक्षा ऐनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

(३) यस अघि भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिने छ ।